# नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्य

## प्रस्तुतकर्ता: उपाध्यक्ष श्री कुमारीदेवी शर्मा


**नेचासल्यान गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय,**
**नेचावेतघारी, सोलुखुम्बु, १ नं प्रदेश नेपाल**

**२०७६/०३/१०**

<u>नेचासल्यान गाउँपालिकाको आ व २०७६/०७७ को बजेट वक्तव्य</u>

गाउँसभाका अध्यक्षज्यू
गाउँसभाका सदस्यज्यूहरु
प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी वर्ग

१. यस नेचासल्यान गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको आ .व. को बजेट ७७/२०७६ यस सम्मानित गाउँसभामा प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।
२. नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय गरी ३ तहको सरकार हुने भन्ने व्यवस्था बमोजिम हामी जनप्रतिनिधिहरु यस गाउँपालिकामा मिति २०७४गते १९/०३/ वहाली भई यस गाउँपलिकामा स्थानीय सरकारको अभ्यासमाक्रियाशील छौं । यस गाउँपालिकामा कानुन बनाउने गाउँसभा, कानुनको कार्यान्वयन गर्ने गाउँ कार्यपालिका र न्यायिक कार्य सम्पादन गर्ने न्यायिक समितिको भूमिकाबाट स्थानीय सरकारको अवधारणालाई मूर्त रुप दिन प्रयासरत छौं ।
३. नेपाल सरकार, १ नं प्रदेश सरकार र यस गाउँपालिकाबाट निर्माण भई जारी भएका कानुनका माध्यमबाट विकास निर्माण र सेवा प्रवाहका काम सम्पादन भइरहेका छन् ।
४. नेपाल सरकार,१ नं प्रदेश सरकार, यस गाउँपालिकाको आन्तरिक आय तथा संघ र प्रदेशका माननीय साँसदज्यूहरु मार्फत प्राप्त हुने स्थानीय विकास पूर्वाधार कार्यक्रम लगायतबाट प्राप्त बजेट तथायोजनाकार्यक्रमका माध्यमबाट यस गाउँपालिकाको विकास / निर्माण र सेवा प्रवाहको काम संचालन हुँदै आइ रहेको छ ।

<u>चालु आ व २०७५को कार्यक्रमको समीक्षा ०७६/</u>

यस चालु आ/का क्रमागत ०७६/२०७५.व.बहुवर्षीय योजनाबाहेक धेरै योजना र कार्यक्रमहरु सम्पन्न हुने अवस्थामा रहेकाछन् भने कतिपय योजनाकार्यक्रमहरुलाई / समयमा नै सम्पन्न गर्न प्रयासरत रहेका छौं ।

<u>क, आर्थिक क्षेत्र</u>

यस चालु आप्रतिशत अनुदानमा किवी लगायत हिंउँदे फलफुलका विरुवा ५० मा .व. ,तथा सुन्तला कागती र एभोकाडो लगायतका वर्षे फलफूलका विरुवा तथा औषधि वितरण गरियो । च्याउ र तरकारीको कीट वितरण तथा सिकेचर मेसिन वितरण गरियो

। पशु सेवा तर्फ अगुवा कृषक तालिम तथा व्यावसायिक कुखुरा र बंगुर पालन तालिम संचालन गरियो । व्यावसायिक बाख्रा फर्ममा पशु विमा कार्यक्रम संचालन गरियो ।कृत्रिम गर्भाधान तालिम र औषधि खरिद गरी वितरण गरियो । १ वटा वोयर बोका खरिद गरियो । वडा नं ५ मा महिलाहरुलाई तरकारी खेती तालिम र अपाङ्गता भएका व्यक्तिहरुलाई उन्नत जातको कुखुराको चल्ला वितरण गरियो ।

## ख, सामाजिक क्षेत्र

यस चालु आमा यस गाउँपालिका क्षेत्रमा खानेपानीसँग स .व.म्बन्धित करीब २६ वटा आयोजनाहरु सम्पन्न गरिए । ९ वटा विद्यालयहरुको परिसर व्यवस्थापनका योजना तथा कार्यक्रम सम्पन्न गरिए । भूकम्प पुनर्निर्माण लगायत निकाय बाहेक यस गाउँपालिकाबाट ४ वटा विद्यालय भवन निर्माण र २ वटा भवन मर्मतको काम गरियो । लाइन्स क्लबको र यस गाउँपालिकाको संयुक्त सहयोगमा करीब २४ वटा विद्यालयहरुलाई ल्यापटप वितरण गरियो । बालकक्षा व्यवस्थापन,१- बाल कार्यक्रम १ र बालक्लब सहयोगका १० वटा कार्यक्रमहरु विभिन्न विद्यालयमा आयोजना गरियो । शैक्षिक गोष्ठी २ वटा आयोजना गरियो । १५ वटा विद्यालयमा पठनसीप अभिवृद्धि कार्यक्रम संचालन गरियो । ५ वटा माध्यमिक विद्यालयमा ई८ र ५ लाइब्रेरीको व्यवस्था गरियो । कक्षा-लाई प्राथमिक नं वडाका विद्यार्थी ५ को गाउँपालिकास्तरीय परीक्षा सम्पन्न गरियो । उपचार तालिम र सामग्री वितरण गरियो । यस गाउँपालिका क्षेत्रका मन्दिरहरु क्रमशः बालकन्या चम्पावती,शिव पन्चायन,सरस्वती आ वि परिसरको मन्दिर, राउत समाज देवाली मन्दिर, सुकेपोखरी,कुन्तादेवी,ज्वालामाइ,सेतीदेवी, ख्याम्पु,जेजेरु,बुढी देवी,महादेव भीर गरी करीब १२ वटा मन्दिरहरुको निर्माण,मर्मत र व्यवस्थापना सहयोग गरियो । गुरुकुल शिक्षा संचालनमा सहयोग गरियो ।वडा नं ३ र ४ का ज्येष्ठ नागरिकहरुलाई स्वीटर वितरण गरियो । महिला लक्षित कार्यक्रमहरु संचालन गरिए । जसमा महिला र ज्येष्ठ नागरिकसँग अन्तर्क्रिया, बालक्लब गठन, महिला नेतृत्व तथा संस्थागत विकास तालिम, समूह गठन र परिचालन, समूह सदस्य अनुशिक्षण, लैंगिक तथा बालबालिका हिंसा विरुद्धका कार्यक्रमहरु संचालन गरियो । वडा नं १ मा एउटा प्रतिक्षालय निर्माण र वडा नं २ मा कपुर चिहान मर्मतको योजना सम्पन्न गरियो । वडा नं ५ का ७० वर्ष नाघेका व्यक्तिहरुलाई पौष्टिक आहार वितरण गरियो ।विभिन्न दाताहरुले यस गाउँपालिका र मातहत वडा कार्यालयको नाममा निःशुल्क रुपमा करीब १७ रोपनी भन्दा बढी जग्गा रजिष्ट्रेसन गरी प्रदान गर्नु भएको छ भने प्राप्त जग्गा भन्दा बढी क्षेत्रफलका जग्गाहरु अन्य दाताहरुले निःशुल्क प्रदान गर्ने वचन दिनु भएकोछ । फुर्केदेवी गुठी बजार ब्यवस्थापनको काम सम्पन्न गरियो । वडा नं ३ को विहिवारे बजार लगायत क्षेत्रको सिसा र प्लाष्टिकजन्य फोहोर वस्तुको व्यवस्थापन र सो क्षेत्र र अन्य क्षेत्रको फोहोर मैला व्यवस्थापनका काम सम्पन्न गरियो । सार्वजनिक संस्था र स्थलमा करीब ४ वटा

शौचालय निर्माण गरियो । वडा नं ३ ४ र ५ मा दलित संजाललाई भाडा वितरण गरियो । ३ नं वडाको उत्तरबाहिनी घाट मर्मत, मलामी विश्रामस्थल र शौचालय निर्माणको काम सम्पन्न गरियो । ४ नं वडाको फुर्के सामुदायिक वनमा करीब ८०० मिटर लम्बाइ भएको पर्यटन पदमार्ग निर्माण गरियो । जुनतारा युव क्लबको भवन मर्मत तथा शौचालय निर्माणको काम सम्पन्न गरियो ।खेलकुद कार्यक्रममा ३ पटक सहभागिताका लागि खेलाडी र प्रशिक्षक पठाइयो र यस गाउँपालिका क्षेत्र भित्र भलिबल प्रतियोगिता,१- फुटबल प्रतियोगिताल्ड प्रतियोगिताको आयोजना गरियो । साहित्य र रनिङ सि १- वटा संचालन गरियो । शिक्षकहरुलाई १ कार्यक्रमकम्प्युटर तालिम संचालन गरियो ।वडा नं १ मा मगर भाषा प्रशिक्षणको कार्यक्रम संचालन गरियो । महिला अधिकार गोष्ठी संचालन गरियो । खेलाडी सम्मान कार्यक्रम सम्पन्न गरियो । संगीत र खेल शिक्षकलाई पुरस्कारको आयोजना गरियो । सामुदायिक अस्पताल व्यवस्थापनमा सहयोग गरियो ।स्वास्थ्य तर्फ अत्यावश्यक औषधि र उपकरणहरुको व्यवस्था गरियो । आयुर्वेद तर्फ औषधि लगायत सेवा उपलब्ध गरियो । पेल्ट्रिकसेट मर्मतका १७ वटा योजना संचालन गरियो । यस गाउँपालिकाको कार्यालय, विषयगत शाखा, वडा नं ३, ४ र ५ को कार्यालयमा सोलार जडान र मर्मतको काम तथा वडा नं ३ स्थित इलाका प्रहरी कार्यालयमा सोलार जडानको काम सम्पन्न गरियो ।

## ग, पूर्वाधार विकास

यस चालु आवटा कच्ची सडक निर्माण तथा ६५ मा यस गाउँपालिकाबाट करीब .व. स्तरोन्नतिका योजनाहरु संचालन गरियो । यस गाउँपालिकाको वहुवर्षीय योजनाको रुपमा स्थित ४ रहेको वडा नंतुइनटार लघु जलविद्युत आयोजना ठेक्का प्रक्रियामार्फत काम अघि बढाइएको छ र आगामी आस्थित २ मा उक्त योजना सम्पन्न गरिनेछ । वडा नं.व. को गैरीमा ५ वेणी लघु जलविद्युत आयोजनाको काम संचालन गरियो । वडा नंत्रि ग्रामीण विद्युत विस्तारको काम सम्पन्न गरियो । यस गाउँपालिक‍ा क्षेत्रमा विद्युतको राष्ट्रिय प्रसारण लाइन विस्तारको लागि DPR (Detail Project Report) को काम सम्पन्न गरियो ।१ नं प्रदेशको ससर्त तर्फको रु १ करोड ५० लाख भएको फेदी-खहरे-दोदी-चुर्पु सडक स्तरोन्नतिको आयोजनाको काम यही आर्थिक वर्ष भित्र सम्पन्न -विहीवारे गरिनेछ । संघ र १ नं प्रदेशको ससर्त कार्यक्रम अन्तर्गतको कुसुम स्मृति भवन निर्माणको काम सम्पन्न भइसकेको छ । संघको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका खानेपानी योजना २ वटा र शिव मन्दिर १ वटा गरी ३ वटा यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिनेछ । १ नं प्रदेशको निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम अन्तर्गतको सडक तर्फका २ वटा र खानेपानी तर्फ १ वटा योजना पनि यही आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।यस आवटा सिंचाइसँग सम्बन्धित योजनाहरु २३ मा करीब .व. स्थानमा २ को देउपूजे गरी २ ओस्पु र वडा नं १ संचालन गरियो ।वडा नंखेलमैदान निर्माणको योजना सम्पन्न गरियो ।ब्रिटिस वेयलफेयरको सहयोग तथा यस गाउँपालिकाको लागत सहभागितामा केदार मा वि को १२ कोठे विद्यालय भवन र शौचालय निर्माणको काम सम्पन्न भयो । रेडक्रस सोसाइटी वतासेको भवन निर्माणको योजना सम्पन्न भयो । थुलुङ सामाको भवन र दोदी भवन वाहिङ जनजाति भवन निर्माणको योजना संचालन गरियो । तुइनटार घोडेटो लगायत करीब ४ वटा घोडेटोगोरेटो बाटो निर्माण गरियो / कें झन्डी भ्युटावरको जग निर्माणको काम सम्पन्न गरियो । जनताको को फु ४ ।वडा नं ,जीवनमा सहयोग पुर्याउन कृषि उत्पादनका लागि सिंचाईको सुविधा बढाउन, आय आर्जनका क्रियाकलाप बढाउन र भूकम्प पीडितलाई समयमै घर निर्माणलगायत काममा यी योजनाहरु उपयोगी भए भन्नेमा हामी आशावादी छौं ।

## घ, वातावरण तथा विपद् व्यवस्थापन

यस गाउँपालिकाबाट चालु आमा इलाका प्रहरी कार्यालय र सल्यान स्थित प्रहरी .व. ठाउँमा २ चौकीमा गरीआपत कालीन उद्धार केन्द्र स्थापना गरी विपद्सँग सम्बन्धित सामग्रीको व्यवस्था गरियो । गाउँपालिका कार्यालय, वडा कार्यालय, विषयगत शाखा, विद्यालयहरु, क्याम्पस लगायतका भवनमा आगो नियन्त्रण गर्ने फायर स्टिङ्गर वितरण गरियो । पैरे खोला ग्याभिन पर्खाल, चिसिप्ले ट्रस्ट पुल संरक्षण,पहिरे खोला व्यवस्थापन, केदार मा,छेउ खोल्सी मर्मत .वि. १ नं वडाको अपाङ्ग मकरधन राईको घर

निर्माण,तुइनटार जाने सडक छेउको घर संरक्षण,४ नं वडाको सगरमाथा आढिस्को .वि. ,व्यवस्थापन २ नं वडाको प्राथमिक स्वास्थ्य केन्द्रको भवन मर्मत,तारजाली र ह्युम पाइपको व्यवस्था, असक्त विरामी, आर्थिक समस्या भएका व्यक्ति, लास व्यवस्थापन लगायतमा राहत वितरणको कार्यक्रम सम्पन्न गरियो ।

## ङ, संस्थागत विकास सेवा प्रवाह र सुशासन

यस गाउँपालिकाबाट हाल सम्म ५३ वटा स्थानीय कानुनको निर्माण गर्यौं । मेलमिलापकर्ता र न्यायिक समितिको क्षमता अभिवृद्धिका लागि तालिम र न्यायिक समितिको अभिलेख व्यवस्थापनका कामहरु संचालन गरियो । यस गाउँपालिकाको गाउँपालिका गान र गाउँपालिका प्रवर्द्धन गानको काम संचालन गरियो । पर्यटन गुरुयोजना तथा गाउँपालिका क्षेत्रको डकुमेन्ट्री निर्माणको काम गरियो । गाउँपालिका पार्श्व चित्र तयारी गरी सार्वजनिक गरिएको छ र आगामी आमा यस गाउँपालकामा .व. र्यक्रम राखिनेछ । प्रत्येक वसोबास गर्ने व्यक्तिहरुको सम्पूर्ण विवरण संलग्न गर्ने का वडामा सार्वजनिक सुनुवाइको कार्यक्रम संचालन गरियो । यस गाउँपालिकाको गतिविधि प्रसारण गर्न हप्ताको २ दिन रेडियो कार्यक्रम र रेडियो मार्फत् सूचना तथा जानकारी प्रवाह गर्ने कार्यक्रम संचालन भए ।कार्यालय व्यवस्थापन तर्फ कार्यालय भवनमा विभिन्न शाखा तथा इकाइ निर्धारण गरी फर्निचरकम्प्युटर लगायत उपकरणको व्यवस्था गरियो , ।सामाजिक सुरक्षा भत्ता लिनेको विवरण चालू आ वकोप्रत्येक चौमासिकमा अनलाइन . विवरणको नवीकरण गरी उक्त भत्ता वितरणको व्यवस्था मिलाएका छौं । गाउँपालिका ,कार्यालयमा इन्टरनेट सूचना डिस्प्ले बोर्ड तथा डिजीटल हाजिरीको व्यवस्था गरिएको छ । इन्टरनेटको प्रयोग र कम्प्युटरको प्रयोगबाट गाउँपालिकाको सेवा प्रवाह सूचनामैत्री बनाएका छौं । हरेक योजना र कार्यक्रमको कार्यान्वयनमा वास्तविक सूचकको आधारमा कार्यान्वयन गरीभुक्तानी दिने व्यवस्था मिलाइएको छ । आर्थिक ऐनको प्रभावकारी पालना गर्ने प्रयास गरिएको छ । प्रत्येक योजना तथा कार्यक्रमहरु सम्पन्न पश्चात् अनुगमन गरी भुक्तानी दिने व्यवस्था लागू गरेका छौं । सीमित मात्रामा उपलब्ध कर्मचारीहरुलाई व्यवस्थित ढङ्गले कार्य जिम्मेवारी तोकी सेवा प्रवाहलाई छिटो, छरितो र सेवाग्राहीमैत्री बनाउने प्रयास गरेका छौं । जनताको गुनासो तुरुन्त संवोधन हुने र जुनसुकै महानुभावले दिएको सुझावलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने प्रयास गरेका छौ ।

### समस्याचुनौति /

- यस क्षेत्रमा गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षा सर्वसुलभ बनाउनु ठुलो चुनौति रहेको छ ।
- कृषि पेशालाई व्यावसायिक पेशाको रुपमा रुपान्तरण गर्न कठिन छ ।

- जनताको आय आर्जन र रोजगारी बढाउन धेरै काम गर्न बाँकी छ ।
- सवै वडाको सन्तुलित र समानुपातिक विकास अघि बढाउन चुनौति रहेको छ ।
- सीमित स्रोतबाट असीमित आवश्यकतालाई संवोधन गर्नु अर्को चुनौति रहेको छ
- विकास निर्माणमा सबै जनसमुदायको ऐक्यबद्धता कायम गरी पूर्ण सहयोग प्राप्त गर्नु अर्को चुनौति रहेको छ ।

<u>अवसर</u>

- स्थानीय तहमा साधन स्रोतको खोजी गर्ने, त्यसको प्राप्ति गर्ने र त्यस बारे निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार र अभिभारा प्राप्त हुनु नै हाम्रा लागि ठूलो अवसर हो ।
- विकास निर्माण र आय आर्जन बढाउने काममा क्रियाशील हुने जनसमुदायहरुको संख्या धेरै छ ।
- यस गाउँपालिकालाई अनुकरणीय र सम्बृद्ध बनाउने गहन जिम्मेवारी हामीलाई प्राप्त भएको छ ।
- रचनात्मक कार्यक्रमहरु संचालन गर्ने र कार्यक्रम कार्यान्वयनमा हुन जाने त्रुटिहरुलाई आम जनसमुदायको सुझाव र सहयोगमा सुधार गर्न पाउनु पनि हाम्रा लागि ठुलो अवसर हो ।

<u>आगामी आ.व. २०७६/०७७ को नीति बजेट तथा कार्यक्रम</u>

<u>१ सोच</u>

कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार, सुशासन र जवाफदेहिता सम्बृद्धिको आधार मूल नारालाई आत्मसात् गर्दै यस गाउँपालकालाई सम्बृद्ध गाउँपालिका बनाउने ।

<u>२ लक्ष्य</u>

कृषि, पर्यटन, ऊर्जा, सहकारी र पूर्वाधार लगायतका क्षेत्रहरुको विकास गर्ने र जनताका आधारभूत आवश्यकतासँग जोडिएका कार्यक्रम संचालन गरी यस गाउँपालिकालाई अनुकरणीय गाउँपालिकाको रुपमा विकास गर्नेछौं ।

<u>३ उद्देश्य</u>

यस गाउँपालिकाका योजना तथा कार्यक्रमहरु स्थानीय उत्पादन तथा जनताको जीवनस्तर, आय आर्जन र रोजगारीसँग आबद्ध गरी जनताको जीवनस्तरमा सुधार ल्याई यस गाउँपलिकालाई सम्बृद्ध बनाउनु हाम्रो उद्देश्य रहेको छ ।

<u>४ अपेक्षित उपलब्धि</u>

- यस गाउँपालिकाको केन्द्रसँग राष्ट्रिय लोकमार्ग र सबै वडा कार्यालयको केन्द्रबाट बार्है महिना संचालन हुने गरी सडकको व्यवस्था गरिनेछ ।

- उज्यालो गाउँपालिका निर्माणका लागि विद्युतको राष्ट्रिय प्रसारण लाइनको विस्तार गरी ग्रामीण विद्युतीकरण गरिनेछ । साथै त्रिवेणी लघु जलविद्युत आयोजना र तुइनटार लघु जलविद्युत आयोजनाका अधुरा काम समेत सम्पन्न गरिनेछ ।
- कृषि तथा पशु विकासका कार्यक्रमहरु कार्यान्वयन गरी जनताको आय आर्जन बढाइनेछ
- शिक्षा स्वास्थ्य र खानेपानी जस्ता अत्यावश्यक सुविधाहरु बढाइनेछ ,
- प्राविधिक शिक्षा र गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- सडक र सिचाइ जस्ता योजनाहरुबाट जनताको जनजीवलाई सहज बनाइनेछ ।
- आगामी आ व लाई कर अभियान वर्षको रुपमा मनाइनेछ । आगामी आ व को आर्थिक ऐनमा करका क्षेत्रहरु फराकिलो बनाइएको छ तर करका दरहरु सन्तुलित ढङ्गले निर्धारण गरिएको छ ।
- सबै व्यक्तिहरुमा सकारात्मक सोच विकास गर्न जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

**<u>५, वार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु</u>**

(क) नेपालको संविधान
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(ग) राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
(ङ) संघिय र प्रदेश सरकारले जारी गरेको नीति कानुन तथा मापदण्डहरु
(च) स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
(छ) संघीय प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
(ज) स्थानीय तहको मध्यकालीन खर्च संरचना
**(झ)** स्रोत साधन
(ट) नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

**<u>६, वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु</u>**

(क) आर्थिक विकास तथा गरिबी निवारण प्रत्यक्ष योगदान पुऱ्याउने ।
(ख) उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
(ग) जनताको जीवनस्तर आम्दानी र रोजगारी बढने ।
(घ) स्थानीय सहभागिता जुट्ने स्वंयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग ।
(च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
(छ) लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि हुने ।
(ज) दीगो विकास , वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुऱ्याउने ।
(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।
(ञ) आवश्यक देखिएका अन्य विषयहरु ।
(ट) विगत सालमा सञ्चालन भएकालाई सकेसम्म नहोऱ्याउने
(ठ)सामुदायिक भवन र मन्दिरमा खर्च छुट्याउदा कम्तिमा २ रोपनी जग्गा आफनो नाममा भएकालाई मात्र दिनुपर्ने ।
(ढ) योजना सञ्चालनमा लागत सहभागीता हुने पहिलो प्राथमिकता हुने ।

७. यस गाउँपालिकाको आ/२०७६ व.०७७ को अनुमानित बजेट

| सि नं | आय | रकमअनुमानित- |
|---|---|---|
| १। | आन्तरिक आय | 30 लाख |
| २। | चालु आ व को मौज्दात रकम | २ करोड ४५ लाख ६८ हजार |
| ३। | नेपा सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ११ करोड ५१ लाख |
| ४। | नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँड अनुदान | ४ करोड ६४ लाख |
| ५। | नेपाल सरकारबाट प्राप्त ससर्त अनुदान | १८ करोड ६५ लाख |
| ६। | १ नं प्रदेशको वित्तीय समानीकरण अनुदान | ७० लाख ५ हजार |
| ७। | १ नं प्रदेश राजश्व बाँडफाँड | २४ लाख ६५ हजार |
| ८। | मालपोत रजिष्ट्रशन | ५ लाख |
| ९। | अन्य आम्दानी | ४१ लाख |
| १० | जम्मा रकम | ३9 करोड ३6 लाख ३८ हजार |
| ११। | गाउँपालिकाले बाँडफाँड गर्न सकिने बजेट | 20 करोड 71 लाख ३८ हजार |
| १२ | सामाजिक सुरक्षा भत्ता शीर्षकमा प्राप्त हुने रकम | ४ करोड |
| सामाजिक सुरक्षा सहित जम्मा बजेट | | 43करोड ३6 लाख ३८ हजार |

नोटः आगामी आको बजेट तथा कार्यक्रमको विवरण अनुसुचीमा ७७/०७६ .व. उल्लेख गरेको छु ।

८ ,नेपाल सरकारबाट ससर्त तर्फ माथि सि नं ५ मा उल्लेखित रकम बराबरको कार्यक्रम प्राप्त भएको छ र उक्त कार्यक्रमहरुलाई नेपाल सरकारबाट प्राप्त सर्त अनुसारको कार्यक्रम संचालन गरिनेछ ।

९, आगामी आमा यस गाउँपालिकाका लागि माथि उल्लेखित बजेट भन्दा ०७७/२०७६ .व. थप बजेट प्राप्त भएमा यसरी प्राप्त हुने बजेट तथा कार्यक्रमहरुलाई समेत कार्यान्वयनमा लगिनेछ।

अन्त्यमा यस गाउँपालिकाको नीतिकानुन तथा बजेट निर्माणदेखि सोको कार्यान्वयन , सम्म सहयोग पुर्याउनु हुने गाउँपालिकाका अध्यक्षज्यू लगायत जनप्रतिनिधिज्यूहरु र कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु ।

कुमारीदेवी शर्मा
गाउँपालिका उपाध्यक्ष